कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
रुकुम (पश्चिम भाग)

## कम्प्युटर ल्याब स्थापनाको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/२६)

यस कार्यालयको चालु आ.व. को बजेट तथा कार्यक्रममा समावेश भएको श्री महेन्द्र मावि चौतारा, मुसिकोट - १४ रुकुम (पश्चिम भाग) मा कम्प्युटर ल्याब स्थापना गर्नको लागि तोकिएको स्पेसिफिकेशन बमोजिम बोलपत्र कागजातहरुमा तोकिएका सामान आपूर्ति गर्ने इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरूले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस कार्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

| सि.नं. | सामानको विवरण | अधिकतम लागत रकम रु. (भ्याट पिएस तथा कन्टिजेन्सी सहित) | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर ल्याव स्थापनाको लागि सामान आपुर्ति तथा जडान गर्ने कार्य | १५०००००/- (पन्ध्र लाख रुपैया मात्र) | १०००/- (एक हजार रुपैया मात्र) | ३७५००/- (सैतिस हजार पाँच रुपैया मात्र) | सिलबन्दी दर्ता |

२. दरभाउपत्र फाराम साथ माथि उल्लेखित दरभाउपत्र जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको धरौटि खाता नं ०७७०२०००००२००३००००१ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको र दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ (पैचालिस) दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

३. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिनको दिउँसो १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । दरभाउपत्र फाराम बुझाउँदा शिलबन्दी खामको बाहिर सामाजिक विकास कार्यालय, रुकुम (पश्चिम भाग) सम्बोधन गर्नु पर्नेछ ।

४. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरू प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ८ औं दिन दिउँसो २:०० बजे यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर फर्म/संस्था/कम्पनीका प्रतिनिधि उपस्थिति नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।


फोन नं.: ०८८-५३०४३०
इमेल: sdorukum@gmail.com
website: sdorukumwest.karnali.gov.np

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
रुकुम (पश्चिम भाग)

५. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ :(क) फर्म/संस्था/कम्पनी दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि, (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि,(ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, घ) आ.व.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रतिलिपि ।

६. दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र दरभाउपत्र फारम खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन गरिनेछ ।

७. यस सूचनाको दफा ५ बमोजिमका कागजातहरू संलग्न नभएको, विभिन्न शर्तहरू उल्लेख गरेको दरभाउपत्र कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरू उल्लेख नगरेको सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद विनियमावली, २०६४ (संशोधन समेत) बमोजिम रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. दरभाउपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय दरभाउपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यो सूचना यस कार्यालयको वेबसाइट www.sdorukumwest.karnali.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस कार्यालयको फोन नं. ०८८५३०४३० मा सम्पर्क राख्न सकिनेछ ।

मितलेश कुमार ...
कार्यालय प्रमुख